३५०

# राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा

सूचना आयुक्त किरणकुमार पोखरेल

सूचना आयुक्त यशोदादेवी तिम्सिना

**आदेश**

मु.नं. ३७५/२०७१/०७२

वैतडी जिल्ला शिवलिङ्गि गा.वि.स. वडा नं. ३ मा स्थानीय रुपमा बस्ने र्सूयवहादुर वोहरा ......१ पुनरावेदक

**विरूद्ध**

कार्यालय प्रमुख, गाउँ विकास समितिको कार्यालय शिवलिङ्गि, वैतडी ..................................१ विपक्षी

सूचना अधिकारी, गाउँ विकास समितिको कार्यालय शिवलिङ्गि, वैतडी .................................१

विषय :- माग गरेको सूचना उपलब्ध गराइएकोले लगत कट्टा गर्नु।

वैतडी जिल्ला शिवलिङ्गि गा.वि.स. वडा नं. ३ मा स्थानीय रुपमा बस्ने र्सूयवहादुर वोहराले गाउँ विकास समितिको कार्यालय शिवलिङ्गि, वैतडी समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७१।०१।०३ मा पुनरावेदन गरेको र यस आयोगबाट मिति २०७२।०१।०७, पु.च.नं. ८३६ को पत्र वमोजिम गाउँ विकास समितिको कार्यालय शिवलिङ्गि, वैतडीको मिति २०७२।०२।२५, च.नं.८२ को पत्र मार्फत पुनरावेदकले माग गरेको सूचना पुनरावेदकलाई उपलब्ध गराईएको जानकारी पत्र आयोगमा प्राप्त हुन आएकोले निजले सूचना नपाएमा आयोगबाट पनि लिन सकिने नै हुँदा यस सम्वन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत पुनरावेदको लगत कट्टा गर्नू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल असार २५ गते रोज ६ शुभम् ।